# संघीय संसद
# राष्ट्रिय सभा
# संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्याः ३१२<br>
मितिः २०८२/०७/२७<br>
समयः दिनको १:०० बजे<br>
प्रारम्भः दिनको १:०५ बजे<br>
अन्त्यः दिनको २:३० बजे

**छलफल एवं निर्णयः**

समितिको आज मिति २०८२/०७/२७ गते विहीबार बसेको बैठकमा नेपाल सरकारका माननीय गृह मन्त्री, गृह सचिव लगायतसँग शान्ति सुरक्षाको अवस्था र आगामी निर्वाचनको तयारी सम्बन्धमा छलफल भई देहायबमोजिम निर्णय भयो:

१. आगामी निर्वाचन स्वच्छ, निश्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नको लागि प्रहरीको मनोबल उच्च बनाउँदै जेन्जी (Gen-Z) आन्दोलनका क्रममा लुटिएका हातहतियारको संकलन, व्यवस्थापन गर्न, हातहतियार र पोशाक लुट्नेहरुको खोजी गरी कारवाहीको दायरामा ल्याउन, जेलबाट भागेका फरार कैदीबन्दीहरुलाई पुनः जेलमा फिर्ता ल्याई मुलुकमा भयरहित वातावरणको सिर्जना गर्न नेपाल सरकार र गृह मन्त्रालयलाई निर्देशन दिने।

२. समितिको आगामी बैठक अर्को सूचना भएपछि बस्ने गरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)<br>
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)<br>
सभापति